# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०७।१४ गते

# प्रेस विज्ञप्ति

**विषय:** आरोपपत्र दायर गरिएको ।

जिल्ला अदालत सिरहाका हलुका सवारी चालक व्रिजमोहन यादवले अदालतमा विचाराधिन लागु औषध सम्बन्धी मुद्दा मिलाई दिन्छु भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासबाट खटिई गएको टोलीले निज हलुका सवारी चालक व्रिजमोहन यादवलाई सेवाग्राहीसँग रू.१,१०,०००।–(एक लाख दश हजार मात्र) घुस वापतको रकम लिइसकेको अवस्थामा सिरहा नगरपालिका वडा नं. ७ हस्पिटल चोकस्थित खड्ग होटलबाट उक्त रकमसहित रङ्गेहात नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानका सिलसिलामा आधार प्रमाण र कारणहरुबाट सिरहा जिल्ला अदालतका हलुका सवारी चालक व्रिजमोहन यादवले जिल्ला अदालतमा कारवाहीयुक्त अवस्थामा रहेको लागु औषध मुद्दा मिलाउन भनी रकमको बार्गेनिङ गरी आफ्नो जिम्मेवारी र पदीय दायित्वसमेतको ख्याल नगरी बदनियतपूर्वक घुस/रिसवत् दिन बाध्य पारी सोवापतको रकम रु. १,१०,०००।–(एक लाख दस हजार मात्र) लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेको साथै फरार रहेका विरदेव सिंह भन्ने विरीदेव महतोले उक्त मुद्दा मिलाई दिने बहानामा व्रिजमोहन यादवसँग एकआपसमा मिलेमतो गरी व्रिजमोहन यादवलाई उक्त रकम लिन पठाई निजले उक्त रकम लिई विरीदेव महतोलाई रकम दिन नपाउँदै पक्राउ परेको र विरीदेव महतो हालसम्म फरार रहेको समेतका आधार प्रमाणबाट निजको कार्यसमेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) को कसुर अपराध गरेको देखिएकाले बिगो रु. १,१०,०००।– (एक लाख दस हजार मात्र) कायम गरी आरोपितहरु द्वय व्रिजमोहन यादव र विरदेव सिंह भन्ने विरीदेव महतोलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को देहाय खण्ड (घ) बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला